आज मिती २०66 साल श्रावण ८ गते बिहिबारका दिन वेसीशहर नगरपालीकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा ५८ औं बैठक बसी तपसील बमोजिम उपस्थितीमा तपसिल बमोजिम छलफल एवं निर्णयहरु गरीयो ।

उपस्थिती :–

| | | | |
|---|---|---|---|
| १. | प्रमुख | श्री | गुमान सिंह अर्याल |
| २. | उप प्रमुख | श्री | लक्ष्मी देवि अधिकारी |
| ३. | वडा अध्यक्ष वडा नं.१ | श्री | वलराम श्रेष्ठ |
| ४. | | श्री | गणेश बहादुर कडेल |
| ५. | | श्री | सुर्य कुमार श्रेष्ठ |
| ६. | | श्री | लालविर गुरुङ |
| ७. | | श्री | बम बहादुर गुरुङ |
| ८. | | श्री | भोज बहादुर रिमाल |
| ९. | | श्री | गोविन्द बहादुर बस्नेत |
| १०. | | श्री | पवित्रा थापा राना |
| ११. | | श्री | शरद बराल |
| १२. | | श्री | पूर्ण बहादुर थापा |
| १३. | | श्री | अच्युत बाबु बगाले |
| १४. | कार्यपालीका सदस्य | श्री | विष्णु माया राना |
| १५. | | श्री | मन्दिरा दनाई |
| १६. | | श्री | देव बहादुर गहतराज |
| १७. | | श्री | अजय मजाकोटी |
| १८. | | श्री | मनमाया गुरुङ |
| १९. | | श्री | रोज बहादुर खवास |
| २०. | | श्री | कृष्ण नेपाली |
| २१. | | श्री | आशा तामाङ |
| २२. | | श्री | किशान राज चिलुवाल |

सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| २३. | कार्यक्रम अधिकृत | श्री | मेघेन्द्र पोखरेल |
| २४. | अधिकृत | श्री | इश्वर कमल श्रेष्ठ |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०४/०८ गतेको बैठक

## निर्णयहरु

**निर्णय नं. १: योजना कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

बेशीसहर नगरपालिकाको सातौं नगरसभाबाट स्वीकृत भएका चालु आव २०७७/०७८ मा कार्यान्वयन गरिने योजनाहरुको सम्बन्धमा देहाय अनुसारको कार्यान्वयन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय**

**योजना कार्यान्वयन कार्यतालिका**

| क्र.सं | विवरण | कार्यसम्पन्न गर्नुपर्ने अवधी | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०७७ भाद्र मसान्त भित्र | |
| २ | कार्यपालिका,प्राविधिक/लेखा/योजना शाखा विचको अन्तर्क्रिया बैठक | २०७७ भाद्र १५ गते भित्र | |
| ३ | टेण्डर मार्फतका योजनाहरुको ल.इ तयार | २०७७ भाद्र १५ गते भित्र | |
| ४. | योजनाहरुको लागत इष्टिमेट तयार | २०७७ असोज १५ भित्र | |
| ५. | उपभोक्ता समितिहरुलाई तालिम | २०७७ कार्तिक मसान्त भित्र | |
| ६ | योजना संम्झौता | २०७७ पौष मसान्त भित्र | |
| ७. | योजना सम्पन्न गरिसक्नु पर्ने अवधी | २०७८ बैशाख मसान्त भित्र | |

**निर्णय नं. २ : समीक्षा गोष्ठी/ विषयगत शाखाको बैठक सम्बन्धमा ।**

बेसीशहर नगरपालकाको गत आ.व. २०७६/०७७ को बार्षिक प्रगति समीक्षा गोष्ठी यही श्रावण महिनाको अन्तिम हप्तामा आयोजना गर्ने निर्णय गरियो । साथै विषयगत शाखाहरुसंगको बैठक प्रत्येक महिनाको पहिलो हप्तामा बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : मर्स्याङ्दी नदी आर्मी ब्यारेक पुछारको बालुवा उत्खनन् सम्बन्धमा**

बेसीशहर नगरपालकाका वडा नं १ उदीपुर स्थित मर्स्याङ्दी नदी आर्मी ब्यारेकको पुछारमा रहेको बालुवा, गिटी, ग्राभेल उत्खनन्को लागि मु.अ. कर बाहेक रु ३,००,०००।- (तीन लाख मात्र) न्यूनतम् मूल्यांकन अंक तोकी सिलबन्दी दरभाउपत्र आह्वान गर्नको लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ : कार्यसम्पादन मूल्यांकन फारम स्वीकृत गर्ने सम्बन्धमा ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १२ मिति २०७७/०४/०१ को प्राप्त पत्रानुसार लोक सेवा आयोगबाट सिफारिश भई स्थायी नियुक्ति भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको लागि अर्को व्यवस्था नभएसम्मको लागि सो मन्त्रालयबाट प्राप्त फारमको ढाँचालाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : स्वास्थ्यतर्फ करार सेवामा पदपूर्ती गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा तेरिज अनुसार रहेको रिक्त दरबन्दीहरुमा आवश्यकतानुसार करार सेवामा पदपूर्ती गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ : सिंचाई पाइप सम्बन्धमा ।**

जलउत्पन्नजन्य प्रकोप खास गरी कटान र बाढी /पहिरोले गर्दा तथा सडक योजना सञ्चालनको क्रममा समेत विभिन्न सिंचाई कुलोहरुमा क्षति पुग्न गई सिंचाई पाइपको लागि कृषकहरुको माग निवेदन परेको सम्बन्धमा छलफल

हुँदा सातौं नगरसभाले विनियोजन गरेको बजेट परिधिभित्र रही सम्बन्धित कृषक र नगरपालिकाको ५०/५० प्रतिशतको लागत साझेदारीमा सत्यतथ्य बुझी नगर प्रमुखको तोक आदेश वमोजिम सिंचाई पाइप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : बाढी पहिरोबाट पीडितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।**

चालु वर्षा याममा परेको अविरल बर्षाको कारणले बाढी पहिरोबाट विभिन्न व्यक्तिहरुको घरजग्गा क्षति भएको सम्बन्धमा छलफल हुँदा देहायको मापदण्ड अनुसार आवश्यकतानुसार स्थलगत निरीक्षण समेत गरी नगर प्रमुखको तोक आदेश वमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं | विवरण | अधिकतम राहत रकम रु |
|---|---|---|
| १ | पुरै घर पुरेको वा पुरै घर ध्वस्त भएको अवस्था | ५०००० |
| २ | घर पुरै नभत्किए पनि सो घरमा बस्ने परिस्थिति नरही अन्यत्र बसोबास गर्नु परेको अवस्था | ३०००० |
| ३ | घरमा र घर वरिपरि धेरै नै क्षति भएको तर केही संरक्षण र मर्मत कार्य गरी गरी बस्न सकिने अवस्था | २०००० |
| ४ | माथि उल्लेखित भन्दा कम क्षति भएको अवस्था | १०००० |

**निर्णय नं. ८ : आव २०७६/०७६ को प्रदेश सशर्त तर्फको सडक योजना सम्बन्धमा ।**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं ३, मिति २०७७/४/२ को प्राप्त पत्रानुसार "आव २०७५/०७६र २०७६/०७७ मा प्रदेश सरकारबाट समपुरक, विशेष र सशर्त अनुदानतर्फका कार्यान्वयनमा रहेका तर सम्पन्न हुन नसकेका अधुरा योजना तथा कार्यक्रमहरु अन्तिम पटकको लागि २०७७ कार्तिक मसान्तभित्र कार्य सम्पन्न गरी त्यस्ता आयोजना तथा कार्यक्रमको लागित अनुमान, संझौता, फाइनल विल अर्थात कार्यसम्पन्न प्रतिवेदन सहित हस्तान्तरण हुन बाँकी रकम माग भई आएमा त्यस्तो बाँकी रकम उपलब्ध गराउने र २०७७ कार्तिक मसान्त पश्चात गत आ.व.हरुका अधुरा आयोजनाको रकम हस्तान्तरण नगर्ने" भन्ने उल्लेख भएको सन्दर्भमा यस बेसीशहर नगरपालिकामा गत आव २०७६/०७७ मा टेण्डर प्रक्रियामार्फत निर्माणकार्य शुरु भई लक डाउनको कारण कार्य सम्पन्न हुन नसकी चालु आवमा समेत निर्माणाधिन अवस्थामा रहेको बेसीशहर मैयु सारिङ सेरा सडक योजनाको म्याद २०७७ कार्तिक मसान्तसम्म थप गरी निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : सडकबोर्ड तर्फको योजनाको म्याद थप सम्बन्धमा ।**

सडक बोर्ड नेपाल काठमाण्डौको च.नं १७०० मिति २०७७/३/१५ को प्राप्त पत्रानुसार यस नगरपालिकामा आव २०७६/०७७ मा सञ्चालित बेसीशहर ८ स्थित प्रगतिटोल पुछार देखि मर्स्याङ्दी नदी मोटरेवल पुलसम्मको सडक योजनाको म्याद २०७७ कार्तिक मसान्तसम्म थप गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : भूमीकर मिनाहा सम्बन्धमा**

बेसीशहर नगरपालिका ९ स्थित बाल सपना समाज नेपालको नाममा दर्ता भई सो संस्थाको नाममा रहेको बेसीशहर नगरपालिका ९ स्थित कित्ता नं २९३, २९४ र २९६ को जग्गाको आव २०७६/०७७ सम्मको भूमीकर (मालपोत तिरो) बक्यौता सो संस्था सेवामुखी भएको कारणले मिनाहा गर्ने निर्णय गरियो ।